# भद्रपुर नगरपालिका

## स्थानीय राजपत्र

## कोशी प्रदेश झापा नेपाल

भद्रपुर नगरपालिका,नगरकार्यपालिकाको कार्यालयद्धारा प्रकाशित

खण्ड ७ भद्रपुर, फाल्गुण २१ गते, २०८० साल, संख्या ८

भाग १

भद्रपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालयको सूचना

भद्रपुर नगरपालिकाबाट जारी भएको देहाय बमोजिमको कार्यबिधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**"भद्रपुर नगरपालिकाको कला, साहित्य तथा संगित प्रज्ञा प्रतिष्ठान संचालन ऐन, २०८०"**

*स्वीकृत मिति २०८०/११/२३*

*प्रमाणीकरण मिति २०८०/११/२४*

# भद्रपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# कोशी प्रदेश
# भद्रपुर, झापा

"भद्रपुर नगरपालिकाको
कला, साहित्य तथा संगित प्रज्ञा प्रतिष्ठान संचालन ऐन, २०८०"

..............................

गणेश पोखरेल
नगर प्रमुख

पारित मिति २०८०/११/२३
प्रमाणीकरण मिति२०८०/११/२४

**गणेश पोखरेल**
नगर प्रमुख
भद्रपुर नगरपालिका

# भद्रपुर नगरपालिकाको
# कला, साहित्य तथा संगीत प्रतिष्ठान संचालन ऐन-२०८०

**प्रस्तावना :**

वहुजातीय, वहुभाषिक, वहुसांस्कृतिक तथा धार्मिक हाम्रो समाजलाई एकतावद्ध बनाई राख्न र सामाजिक विविधताकाबीच आत्मीय सम्बन्ध बनाई राख्ने महत्वपूर्ण औजार भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान, प्रविधिको समुचित उत्थान, विकास र प्रचारप्रसार गर्ने अभिप्रायले भद्रपुर नगरपालिकाको मातहतमा रहने गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) फ (१) बमोजिम भद्रपुर नगरपालिकाले "भद्रपुर कला साहित्य तथा संगीत प्रतिष्ठान संचालन ऐन-२०८०" बनाइ लागु गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : १) यस ऐनको नाम "भद्रपुर नगरपालिकाको कला, साहित्य तथा संगीत प्रतिष्ठान संचालन ऐन-२०८०" रहेको छ।

२)यो ऐन तुरुन्त प्रारम्भ हुने छ।

**२) परिभाषा**

२. विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) "नगरपालिका" भन्नाले भद्रपुर नगरपालिकालाई सम्झनु पर्दछ।

ख) "प्रमुख" भन्नाले भद्रपुर नगरपालिकाका नगर प्रमुखलाई सम्झनु पर्दछ।

ग) "उप-प्रमुख" भन्नाले भद्रपुर नगरपालिकाको नगर उप-प्रमुखलाई सम्झनु पर्दछ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले भद्रपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

ङ) "प्रतिष्ठान" भन्नाले भद्रपुर कला साहित्य तथा संगीत प्रतिष्ठानलाई सम्झनु पर्दछ।

च) "अध्यक्ष" भन्नाले प्रतिष्ठानको अध्यक्षलाई सम्झनु पर्दछ।

छ) "उपाध्यक्ष" भन्नाले प्रतिष्ठानको तोकिएको उपाध्यक्षलाई सम्झनु पर्दछ।

ज) "सचिव" भन्नाले प्रतिष्ठानका तोकिएको सचिवलाई सम्झनु पर्दछ।

झ) सहसचिव भन्नाले प्रतिष्ठानका तोकिएको सहसचिवलाई सम्झनु पर्नेछ।

ञ) कोषाध्यक्ष भन्नाले प्रतिष्ठानको कोषाध्यक्षलाई सम्झनु पर्ने छ।

ट) "सदस्य" भन्नाले प्रतिष्ठानको कार्यसमिति सदस्य तथा स्थायी आमन्त्रित सदस्यहरुलाई समेत सम्झनु पर्नेछ।

ठ) "पदाधिकारी" भन्नाले प्रतिष्ठानका अध्यक्ष, उपाध्यक्षहरु,सचिवहरु, सहसचिवहरु र कोषाध्यक्षलाई सम्झनु पर्दछ।

ड) "संस्था" भन्नाले भद्रपुर कला, साहित्य तथा संगीत प्रतिष्ठानलाई सम्झनु पर्दछ।

ढ) "भाषा" भन्नाले नेपाली भाषा लगायत नेपालमा बोलिने सम्पूर्ण राष्ट्र भाषालाई सम्झनु पर्नेछ।

ण ) "कला" भन्नाले अभिनय कला, चित्रकला, प्रस्तरकला ( मूर्तिकला), लोककला, हस्तकला, शिल्पकला,बास्तुकला लगायतका अन्य सृजनात्मक कलालाई सम्झनु पर्नेछ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

त) "साहित्य" भन्नाले राष्ट्रका हरेक भाषा साहित्यका गद्यपद्यमा सृजित विविध विधाका साहित्य लगायत लिखित एवं मौखिक लोकसाहित्य समेतलाई सम्झनु पर्नेछ।

द) संगीत भन्नाले गीत, नृत्य, गायन र बाद्य बादन समेतलाई सम्झनु पर्ने छ।

ध) "संस्कृति" भन्नाले नेपाली संस्कृतिका विविध पक्ष वा आयामलाई सम्झनु पर्नेछ।

न) "विज्ञान प्रविधि" भन्नाले बिज्ञान र आधुनिक प्रविधिलाई सम्झनु पर्दछ।

प) "वौद्धिक सम्पत्ति" भन्नाले ज्ञान, विज्ञानका क्षेत्रमा अध्ययन अनुसन्धान र सृजनात्मक कार्य गरी प्राप्त नविनतम हो भनि प्रमाणित नतिजालाई सम्झनु पर्दछ।

फ) "वौद्धिक बैंक" भन्नाले ज्ञान, विज्ञानका क्षेत्रमा अध्ययन अनुसन्धान र सृजनात्मक कार्य गरी प्राप्त नतिजालाई बैधानिक रुपमा संरक्षण गर्ने कार्यलाई सम्झनु पर्दछ।

ब) "पाठक सदस्य" भन्नाले पुस्तकालय प्रयोग गर्नका लागि पाठक सदस्यता लिएका व्यक्ति वा संस्थालाई सम्झनु पर्दछ।

भ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस कार्यविधि र कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ।

म) "सदस्य सचिव" भन्नाले निर्देशक समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ।

य) "तोकिएको सदस्य सचिव" भन्नाले प्रतिष्ठानको साहित्यतर्फको सचिवलाई सम्झनु पर्दछ।

## परिच्छेद–३
## उद्देश्य

**३. प्रतिष्ठानका उद्देश्यहरु :**

(१) भद्रपुर नगरपालिकाको मातहतमा रही कला साहित्य तथा संगीत प्रतिष्ठानको उद्देश्य र कार्यहरु निम्नानुसार हुनेछन्।

(क) भाषा, साहित्य, **नाटक,** संगीत ( **नृत्यसमेत** ), कला, संस्कृति, वौद्धिक सम्पत्ति, ज्ञान, विज्ञान प्रविधिको विकास, संरक्षण र सम्बर्धन गर्ने।

(ख) स्रष्टाहरुको क्षमता विकास गर्ने।

(ग) विविध भाषा, विधा तथा परम्परागत रुपमा चल्दै आएका संस्कृतिको उत्थान, प्रबर्द्धन र संरक्षण गर्ने

**४. प्रतिष्ठानका कार्यहरु** : यस प्रतिष्ठानले उल्लेखित उद्देश्य पूरा गर्न देहाय बमोजिमका कार्य गर्ने छ।

(क) स्वयमसेवी
जनशक्ति उत्पादन गर्ने,

(ख) नेपालका भाषा, साहित्य, कला, संस्कृतिलाई नगरभित्र, साथै देश र विदेशमा प्रचार प्रसार गर्ने,

(ग) वौद्धिक बैंकको स्थापना र परिचालन गर्न सहयोग गर्ने,

(घ) वौद्धिक बैंकमा संकलन भएका बौद्धिक सम्पत्ति नगरपालिकामा पेश गरी संरक्षण गराउने।

(ङ) अन्य संघ संस्थासँग समन्वय र सहकार्य गर्ने,

(च) बौद्धिक, सामाजिक, आर्थिक, भाषिक, साहित्यिक, कलासँग सम्बन्धित साँस्कृतिक,विज्ञान प्रविधि एवम् वातावरणीय विकासका कार्यहरु गर्ने,

(छ) भद्रपुर नगरपालिकाको नीति बमोजिम भाषा, साहित्य, कला, संस्कृति, नाट्यकला, अभिनय, चित्रकला, संगीत, विज्ञान प्रविधि लगायत प्राचीन, लोक र आधुनिक कलाका साथै ज्ञान

गणेश पोखरेल
भद्रपुर नगरपालिका

विज्ञान सम्बन्धी अध्ययन अनुसन्धान केन्द्रको रुपमा काम गर्ने,

(ज) प्रतिष्ठानका लागि आवश्यक पर्ने कर्मचारी तथा अन्य जनशक्ति नगरपालिकासँग माग गरी व्यवस्था मिलाउने,

(झ) **आवश्यक परे वा परेका** भौतिक पूर्वाधार लगायत उपकरणहरुको व्यवस्था गर्ने,

(ञ) बार्षिक रुपमा कविता, निबन्ध,नृत्य (बालन,संगीनी, नाटक, मारुनी, सन्थाल,हुर्रा,टप्पा,तामाङ सेलो, लाखे आदि) बिधामा प्रतियोगीता गराउने, प्रचार प्रसार गर्ने प्रयोजनका लागि साहित्य कला सम्बन्धी कार्यक्रमहरु स्थानीय रेडियो/ टि.भी.बाट प्रायोजन गरी गर्ने गराउने ।

(ट) तोकिएका अन्य कामहरु गर्ने ,

ठ) प्रतिष्ठानले समय समयमा गरेका बैठकको निर्णय अनुसारका काम गर्ने ।

## परिच्छेद ४

## समिति गठन तथा बैठक सम्बन्धी व्यवस्था

**५. परिषद्को गठन** : १) प्रतिष्ठानमा पदाधिकारी सहित वढीमा ५१ जनाको परिषद् रहने छ । उक्त परिषदमा मौजुदा समितिका १७ जना र स्थायी आमन्त्रित ४ जना सदस्य बाहेक बाँकी ३० सदस्यहरु भद्रपुर नगरपालिकाको सबै वडाबाट प्रतिनिधित्व हुने गरी कला, साहित्य र संगितमा योगदान पुर्‍याउने व्यक्तिहरुमध्ये नगरकार्यपालिका बैठकले मनोनयन गरे बमोजिम हुनेछ ।

२) उपदफा (१) बमोजिमको परिषद्मा जातजाति, भाषाभाषी, साहित्य, कला, संस्कृति, विज्ञान प्रविधि एवम् महिला समेतको प्रतिनिधित्व हुने गरी ३० जना मध्ये ६ जना सदस्यहरु नगर प्रमुखको सिफारिसमा कार्यपालिकाद्वारा मनोनयन गरिनेछ । जसमा महिला सदस्य २, आदिबासी जनजाति १, दलित १ र अन्यबाट २ रहने छन् ।

३) कार्यसमितिका मौजुदा पदाधिकारी र सदस्यहरु परिषदका पदेन सदस्य रहनेछन् ।

४) परिषद्का पदाधिकारी र सदस्यहरूको पदावधि ३ बर्षको हुनेछ र पटक पटक गरी गठन भएमा सुरु गठनबाट अवधि गणना हुनेछ । विशेष परिस्थिति परी भद्रपुर नगरकार्यपालिकाले निर्णय गरेमा १ वर्षको अवधी थप गर्न सकिने छ ।

५) कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि कार्यपालिकाद्वारा मनोनित गरिने छ ।

६) कार्यसमिति, उपसमिति र परिषद् सदस्यहरूको सेवा सुविधा तथा बैठक भत्ता कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

७) परिषदका सदस्य हुनका लागि चाहिने योग्यता :

(क) अध्यक्षको योग्यता :

- कम्तिमा २१ वर्ष उमेर पुरा भएको,
- भद्रपुर नगरपालिका स्थायी ठेगाना/बसोबास भएको,
- कला, साहित्य, संगीत, संस्कृति क्षेत्रमा कार्य गरेको,

(ख) उपाध्यक्ष, सचिव, कोषाध्यक्षहरुको योग्यता:

गणेश पोखरेल
न.प्रमुख
भद्रपुर नगरपालिका

➢ कम्तिमा २१ वर्ष उमेर पुरा गरेको,

➢ भद्रपुर नगरपालिका स्थायी ठेगाना/बसोबास भएको,

➢ कला, साहित्य, संगीत , संस्कृति क्षेत्रमा कार्य गरेको,

(ग) सदस्य पदको योग्यता :

➢ कम्तिमा २१ वर्ष उमेर पुरा गरेको,

➢ भद्रपुर नगरपालिका स्थायी ठेगाना/बसोबास भएको,

➢ कला, साहित्य, संगीत, संस्कृति क्षेत्रमा कार्य गरेको,

**६. परिषद्को काम, कर्तव्य र अधिकार :(१)** परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।
क) नीति निर्धारण गर्ने,
ख) बार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,
ग) बार्षिक बजेट पारित गर्ने,
घ) लेखनबृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,
ङ) कार्यसमितिलाई सुझाब र सहजीकरण गर्ने,
च) संस्थाको हितका अन्य कार्य गर्ने ।

**७. परिषद्को बैठक सम्बन्धी व्यवस्था** : १) भद्रपुर नगरपालिकासँगको सहकार्यमा परिषद्को बैठक बर्षमा दुई पटक बस्ने छ । प्रतिष्ठानको अध्यक्ष नै परिषदको अध्यक्ष हुनेछ ।
२) अध्यक्षले तोकेको मिति, समय र स्थानमा बैठक बस्ने छ ।
३) बैठक बस्ने मिति, समय, स्थान एवम् छलफलका विषयवस्तु सहितको सूचना तोकेको सदस्य सचिबले कम्तिमा ३ दिन अगावै विद्युतीय माध्यम वा पत्रद्वारा सदस्यहरूलाई दिनु पर्नेछ ।
४) परिषद्मा तत्काल कायम रहेका सदस्य संख्याको ५१ प्रतिशत सदस्य उपस्थित भएमा सभाको बैठकका लागि गणपूरक संख्या पुगेको मानिने छ । पहिलो पटक गणपुरक नपुगे दोस्रो पटक बोलाएको बैठकमा जतिसुकै उपस्थित भए पनि गणपुरक संख्या पुगेको मानिनेछ ।
५) बैठकको अध्यक्षता अध्यक्षले गर्ने छ र निजको अनुपस्थितिमा उपाध्यक्षहरुमध्ये उमेरमा जेष्ठ उपाध्यक्षले गर्नेछ ।
६) बैठकमा वहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षको मत निर्णायक हुनेछ
७) परिषद् बैठकको निर्णय तोकेको सदस्य सचिवले अध्यक्षबाट प्रमाणित गराई सुरक्षित राख्नु पर्नेछ ।
८) परिषद्को बैठक सम्बन्धी अन्य कार्यविधि परिषद् आफैंले निर्णय गरे बमोजिम हुनेछ ।

**८. कला, साहित्य तथा संगीत प्रतिष्ठानको गठन** : (१) कला साहित्य तथा संगीत प्रतिष्ठानको गठनका लागि नगरपालिकाले नगरक्षेत्रभित्र भाषा, साहित्य,संगीत, कला, लोपोन्मुख संस्कार संस्कृति लगायतका क्षेत्रमा क्रियाशील व्यक्तित्वहरुको भेला गराउने,
(२) दफा ८(१) बमोजिमको भेलाबाट तत्तत् क्षेत्रमा योगदान दिएका व्यक्तिहरुमध्येबाट अध्यक्ष १, उपाध्यक्ष (कला, साहित्य तथा संगीत)३, सचिव (कला, साहित्य तथा संगीत) ३, सहसचिव (कला, साहित्य तथा संगीत)३ र कोषाध्यक्ष १ सहित बढीमा १७ जनासम्मको समिति गठन गर्नेछ भने आवश्यकताका आधारमा बढीमा ४ जना स्थायी आमन्त्रित सदस्यहरु मनोनित गर्न सक्नेछ ।
यस्ता सदस्यहरु अध्यक्षको प्रस्तावमा प्रतिष्ठानको कार्यसमितिको निर्णयबाट मनोनयन गरिने छन् । स्थायी आमन्त्रित सदस्यहरुको हैसियत अरु सदस्य सरह हुने छ । यसबाहेक अध्यक्षले प्रतिष्ठानको बैठकमा

अस्थायी आमन्त्रित सदस्य बोलाउन सक्नेछ । त्यस्ता अस्थायी आमन्त्रित सदस्यहरुको हैसियत सल्लाहकारको सरह हुने छ ।

३) आवश्यकता अनुसार सल्लाहकारको मनोनयन नगर प्रमुखसँगको पनि सल्लाहमा प्रतिष्ठानको कार्यसमितिले गर्ने छ । सल्लाहकारसहितको बैठकमा सल्लाहकारलाई बहुमतले निर्णय गर्नु पर्ने अवस्था आएमा मतदानको अधिकार हुने छैन ।

(४) यसरी गठित समितिको कार्यकाल गठन भएको मितिले ३ वर्षको हुनेछ । विशेष परिस्थितिमा भद्रपुर नगरकार्यपालिकाले निर्णय गरी मौजुदा प्रतिष्ठानको कार्यकाल १ वर्ष थप गर्न बाधा पर्ने छैन ।

(५) उपदफा (२) बमोजिम गठित कला, साहित्य तथा संगीत प्रतिष्ठानका सदस्यहरु समावेशी, भद्रपुर नगरपालिकाको भौगोलिक क्षेत्रको प्रतिनिधित्व हुने गरी महिला, आदिवासी, जनजाति, पिछडिएको वर्ग, अल्पसंख्यक समुदाय तथा लोपोन्मुख भाषा, कला रितिरिवाजका क्षेत्रमा योगदान दिएका व्यक्तित्वमध्येबाट छनौट हुनेछ ।

(६) समिति गठन सम्बन्धी अन्य कुरा नगरपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) तोकिएको कार्यकालभित्र कुनै सदस्यको पद रिक्त हुन आएमा उक्त स्थानमा प्रतिष्ठानको सिफारिसमा नगरपालिकाले सदस्य तोक्न सक्नेछ ।

**९. सदस्यहरुको स्थान रिक्त हुने अवस्था : (१)** देहायको अवस्थामा कला, साहित्य तथा संगीत प्रतिष्ठानको सदस्यको स्थान रिक्त हुनेछ ।

(१) कुनै सदस्यको मृत्यु भएमा,
(२) राजिनामा दिएमा,
(३) भद्रपुर नगरपालिकाभन्दा बाहिर बसाई सरी गएमा,

(४) नगरपालिका र प्रतिष्ठानका विरुद्धमा कार्य गरेको छ भनि प्रतिष्ठानको बहुमत सदस्यले लिखित जानकारी नगरपालिकामा दिएमा, **नगर कार्यपालिकाले निर्णय गरी कुनै** सदस्यलाई हटाउने निर्णय गरेमा ।

(५) कुनै सदस्य वा पदाधिकारी विना जानकारी लगातार प्रतिष्ठानको ३ वटा बैठकमा अनुपस्थित भएमा त्यस्ता सदस्य वा पदाधिकारीलाई प्रतिष्ठानको सिफारिसमा नगरकार्यपालिकाले हटाउन सक्ने छ ।

प्रष्टिकरण : तर, उपधारा ४ र ५ बमोजिम कसैलाई हटाउनु अघि त्यस्तो सदस्य वा पदाधिकारीलाई सफाई दिने मौकाबाट बन्चित गरिने छैन ।

## परिच्छेद ५
## पदाधिकारी र सदस्यहरुको काम कर्तव्य र अधिकार

**१०. काम कर्तव्य र अधिकार**

**अध्यक्ष :**

क) प्रतिष्ठानको बैठकको अध्यक्षता गर्ने ।
ख) उपाध्यक्ष वा सचिवहरुलाई बैठक बोलाउन निर्देशन दिने ।
ग) बैठकमा बराबरी मत भएमा निर्णायक मत दिने ।
घ) प्रतिष्ठानलाई चलायमान बनाउने ।

गणेश ... 
भद्रपुर नगरपालिका

ङ) अन्य पदाधिकारी र सदस्यहरुलाई आवश्यकता अनुसार जिम्मेवारी तोक्ने ।
च) आफू अनुपस्थित हुने भएमा कुनै एक उपाध्यक्षलाई निमित्त अध्यक्ष तोक्ने ।
च) अन्य परिच्छेद, दफा, उपदफा वा बैठकका निर्णयबाट अध्यक्षले गर्ने भनी तोकेका कामहरु गर्ने ।
झ) नगरकार्यपालिकाले प्रतिष्ठानको उद्देश्य अनुरुप दिएको जिम्मेवारीका कामहरु गर्ने
ञ) प्रतिष्ठानको कार्यकारी अध्यक्ष भई कार्य गर्ने ।

**उपाध्यक्षहरु :**

क) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले निमित्त दिएको एक उपाध्यक्षले बैठकको अध्यक्षता गर्ने । कुनै कारणवस निमित्त नदिएको अवस्थामा उमेरमा जेष्ठ उपाध्यक्षले निमित्त अध्यक्ष भई अध्यक्षको काम गर्ने ।
ख) अध्यक्षले दिएको जिम्मेवारी पुरा गरी अध्यक्षलाई सयोग पुर्याउने ।
ग) आ-आफ्ना क्षेत्रका उपाध्यक्षले आ-आफ्ना क्षेत्रको विकास, बृद्धि र उन्न्यनका लागि आवश्यक योजना, कार्यक्रमलाई प्रतिष्ठानको बैठकमा पेश गर्ने र निर्णय भए अनुसार गर्ने गराउने ।

**सचिवहरु :**

आआफ्ना क्षेत्रका कामहरु र अध्यक्षले दिएको जिम्मेवारी आ-आफ्ना उपाध्यक्षहरुको पनि सल्लाह लिइ गर्ने । बैठक बोलाउन दिएको आदेशको पालना गर्ने , अध्यक्षले तोकेको एक सचिवले बैठकको निर्णय पुस्तिकामा निर्णय लेख्ने र निर्णय पुस्तिका सुरक्षित राख्ने । तोकेका अन्य काम गर्ने ।

**सहसचिवहरु :**

आ-आफ्ना सचिवहरुको अनुपस्थितिमा आआफ्ना क्षेत्रको सचिवले गर्ने काम गर्ने । अध्यक्षले दिएको जिम्मेवारी पुरा गर्ने र अन्य तोकेका काम गर्ने ।

**कोषाध्यक्ष :**

कोषको हरहिसाव राख्ने, राख्न लगाउने, कोषको बृद्धिमा आवश्यक योजना बनाई प्रतिष्ठानको बैठकको निर्णय अनुसार कार्यान्वयन गर्ने गराउने । तोकेका अन्य काम गर्ने ।

**सदस्यहरु :**

आआफ्ना क्षेत्रको काममा अध्यक्ष र अन्य पदाधिकारीलाई सहयोग पुर्याउने र तोकेका कामहरु गर्ने ।

**सल्लाहकारहरु :**

बैठकमा उपस्थित भएका बेला सोही अनुसार र नभएका बेला पनि प्रतिष्ठानले मागेको सल्लाह दिने । प्रतिष्ठानको हितमा प्रत्यक्ष वा अप्रत्यक्ष ढंगले सल्लाह दिई सहयोग गर्ने ।

**११. बैठक सम्बन्धी व्यवस्था :** (१) कला, साहित्य तथा संगीत प्रतिष्ठानको बैठक आवश्यकता अनुसार अध्यक्षको निर्देशनमा समितिको तोकेको सदस्य सचिवले बोलाउने छ । अध्यक्षता प्रतिष्ठानको अध्यक्षले गर्नेछ । कार्यसूची अध्यक्षता गर्ने व्यक्तिले पेश गर्नेछ ।
(२) समितिको सचिवालय नगरपालिकाले तोकेको स्थानमा रहने छ ।
(३) प्रत्येक बैठकमा नगरपालिकाको निर्देशक समितिको उपस्थिति रहनेछ । तर, जानकारी दिएर निर्देशक समिति अनुपस्थित भएमा प्रतिष्ठानको बैठकमा निर्णय गर्न बाधा पुग्ने छैन ।
(४) बैठक सम्बन्धी अन्य व्यवस्था समितिले तोके बमोजिम हुनेछ ।
(५) बैठकमा उपस्थित पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य, निर्देशक समितिका संयोजक र सदस्यहरु, तथा सल्लाहकारहरुलाई नगरपालिकाको नियम अनुसारको बैठक भत्ता प्रदान गरिने छ । तर, प्रतिष्ठानको बार्षिकरुपमा बस्ने १२ वटा बैठक भन्दा बढीको बैठक भत्ता उपलब्ध हुने छैन । बैठक भत्ता नगरपालिकाको लेखा शाखाले उपलब्ध गराउनु पर्ने छ ।
(६) यस प्रतिष्ठानले संचालन गर्ने विभिन्न काम र कार्यक्रमहरुका लागि आवश्यक परेमा विभिन्न समिति वा उपसमिति गठन गर्न सक्ने छ । त्यसरी गठन गरेका समिति वा उपसमितिले प्रतिष्ठानले दिएको

गणेश पोखरेल
भद्रपुर नगरपालिका

जिम्मेवारी पुरा गर्नु पर्ने छ । दिएको जिम्मेवारी सकिएपछि त्यस्ता समिति वा उपसमिति स्वतः विघटन हुनेछन् ।

(७) प्रतिष्ठानका पदाधिकारी, सदस्यहरु र सल्लाहकारहरुलाई प्रतिष्ठानले परिचयपत्र प्रदान गर्ने छ ।

## परिच्छेद ६

## निर्देशक समिति सम्बन्धी व्यवस्था

**१२. निर्देशक समिति**.(१) भद्रपुर नगरपालिकाको कला, साहित्य, संगीत प्रतिष्ठानले गर्ने सम्पूर्ण क्रियाकलापको अनुगमन, निरिक्षण, निर्देशन तथा मार्गदर्शन दिने जस्ता कार्य गर्न भद्रपुर नगरपालिकामा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछ । जसमा देहाय अनुसार पदाधिकारीहरु रहने छन् ।

नगर प्रमुख : ..................................................संयोजक

नगर उपप्रमुख : ...............................................सदस्य

प्रमुख प्रशासकीय अधिकृत : ................................सदस्य

शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख ...............सदस्य सचिव

(२) निर्देशक समितिका प्रमुख कार्य देहाय अनुसार हुनेछन् ।

(क) कला, साहित्य, संगीत प्रतिष्ठानको कार्ययोजनाका विषयमा निर्देशन दिने,

(ख) प्रतिष्ठानले निर्णय गरी तयार पारेका कार्यक्रमहरुको छनौटमा सहयोग र सल्लाह दिने,

(ग) प्रतिष्ठानले मागेका विषयमा राय दिने,

(घ) आवश्यकतानुसार सचिवालय र कर्मचारीको व्यवस्थापन गर्ने,

(ङ) प्रतिष्ठानले गर्ने कार्यहरुको लागि बार्षिक बजेट छुट्याउने र सोही बजेटका आधारमा रकमको व्यवस्थापन गर्ने,

## परिच्छेद ७

## बौद्धिक बैंक र पुस्तकालय

**१३. बौद्धिक बैंक सम्बन्धी व्यवस्था** : बौद्धिक बैंकका क्षेत्रहरु देहाय बमोजिम हुनेछन् :

१) विज्ञान र प्रविधिको खोज,अध्ययन,अनुसन्धान र व्यवहारिक प्रयोग,

२) सामाजिक मूल्य मान्यता, संस्कृति, नैतिक पक्ष, सामाजिक रुपान्तरण र पुस्तान्तरण सम्बन्धी व्यवहारिक ज्ञान र सीपको प्रयोग,

३) खाद्य पदार्थमा पाइने बिभिन्न तत्वहरु र तिनले मानव जीवनमा पार्ने प्रभाव विश्लेषण,

४) मनोविज्ञान, मनोचिकित्सा, मनोविश्लेषण, मनोपरापर्श सेवाका साथै सरल जीवन यापन सम्बन्धी खोज, अध्ययन, अनुसन्धान, प्रचार प्रसार

५) इतिहास र खगोल शास्त्र सम्बन्धी खोज, अध्ययन, अनुसन्धान, प्रचार प्रसार

७) भाषा, साहित्य, कला, मानव शास्त्र खगोल शास्त्र,हस्त रेखा तथा ज्योतिस र कानून शास्त्र सम्बन्धी खोज, उत्थान, अध्ययन अध्यापन, अनुसन्धान र प्रचार प्रसार

गणेश पोखरेल
भद्रपुर नगरपालिका

८) अन्य जुनसुकै विषयको खोज, अध्ययन, अनुसन्धान र सिद्धान्तको प्रतिपादन ।

**१४ बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था** : बौद्धिक सम्पत्ति संरक्षण सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

१) कुनै पनि ब्यक्ति वा संस्थाले यस बैंकका क्षेत्र भित्रका अनुसन्धान प्रतिवेदन वा वौद्धिक सम्पत्ति अनुसूची २ बमोजिमको आवेदन प्रतिष्ठान मार्फत नगरपालिकामा पेश गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिम जम्मा भएको बौद्धिक सम्पत्ति प्रतिष्ठानले आवश्यक प्रक्रिया पूरा गरी दर्ता गर्न योग्य भए ३ महिनाभित्र दर्ता गर्न नगरपालिकामा पेश गर्ने र दर्ता गर्न योग्य नभए प्रतिष्ठानले सम्बन्धितलाई फिर्ता गर्नु पर्नेछ ।

३) उपदफा (१) र (२) बमोजिम बौद्धिक सम्पत्ति जम्मा भएपछि जम्मा गर्ने ब्यक्ति वा संस्थालाई अनुसूची ३ बमोजिमको प्रमाणपत्र उपलब्ध गराईने छ ।

४) उपदफा(३) बमोजिम जम्मा प्रक्रिया पूरा भएको बौद्धिक सम्पत्ति नगरपालिकामा संरक्षण गरिनेछ ।

५) उपदफा(४) बमोजिम राखिएको बौद्धिक सम्पत्ति उत्पादकको अनुमतिमा प्रचलित कानून बमोजिम नगरपालिकाले लगानी गरी बिक्री, वितरण वा प्रचार प्रसार र प्रयोगमा ल्याउने प्रवन्ध गर्न सक्नेछ ।

६) उपदफा(५)बमोजिमको कार्यबाट प्राप्त रकममध्ये उत्पादकलाई पच्चीस प्रतिशत दिइने छ र बाँकी पचहत्तर प्रतिशत प्रतिष्ठानको कोषमा जम्मा हुनेछ । पच्चिस प्रतिशत सम्पत्तिमा उत्पादकको अधिकार सुरक्षित राखिने छ । बाँकी रकम प्रतिष्ठान र नगरपालिकाको संयुक्त निर्णयबाट खर्च हुनेछ ।

७) यो ऐन र प्रचलित कानून बमोजिम दर्ता भई नगरपालिकामा जम्मा गरिएको बौद्धिक सम्पत्ति फिर्ता लिई अन्यत्र जम्मा गर्न, बिक्री तथा वितरण गर्न पाइने छैन तर दर्ता हुनु अगावै फिर्ता लिन चाहेमा वाधा पर्ने छैन ।

**१५. बौद्धिक सम्पत्तिको सुरक्षा प्रबन्ध :** १) कुनै व्यक्ति वा संस्थाले जम्मा गरेको बौद्धिक सम्पत्ति अरुले चोर्न, नक्कल गर्न वा आफ्नो हो भनी दाबी गर्न पाउने छैन । यदि कसैले अरुको उत्पादन आफ्नो भनी चोरी दाखिला गरेको रहेछ भने सो प्रमाणित भएमा सो सम्पत्ति सम्बन्धित ब्यक्ति वा संस्थालाई फिर्ता गरी निज चोरी गर्नेलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

२) यस बैंक मार्फत नगरपालिकामा जम्मा भएको बौद्धिक सम्पत्ति प्रतिष्ठानको स्वीकृति बिना अन्यत्र लैजान, प्रचारप्रसार गर्न वा बिक्री गर्न पाइने छैन ।

(३) भाषा साहित्य कला, संगीतका क्षेत्रमा विज्ञ व्यक्तिको उत्पादनका लागि प्रतिष्ठानले उत्प्रेरक भूमिका निर्वाह गरी प्रत्येक वर्ष नगरपालिकाको योजना अनुसार विविध भाषा र संस्कृतिको विविध प्रतियोगिताहरु आयोजना गरी नवप्रतिभाको उत्पादन, विकास र प्रचारप्रसारमा सहयोग गर्नेछ ।

## परिच्छेद-८

## पुस्तकालय संचालन व्यवस्था

**१६ सन्चालनको जिम्मा दिन सकिने** (१)भद्रपुर नगरपालिकाको निर्णय बमोजिम कुनै पुस्तकालयको स्थापना, संचालन, व्यवस्थापन गर्न कला, साहित्य तथा संगीत प्रतिष्ठानलाई दिन सकिने छ ।

**१७. पाठक सदस्यता तथा सन्चालन सम्बन्धी व्यवस्था** (१)दफा १५ (१) बमोजिम पुस्तकालय व्यवस्थापनको जिम्मा प्रतिष्ठानले पाएमा नगरपालिकाले तोके बमोजिम शुल्क तिरी भद्रपुर नगरक्षेत्रभित्र वा बाहिर जुनसुकै क्षेत्रका व्यक्ति वा संस्थालाई पाठक सदस्य बन्न चाहेमा प्रतिष्ठानले सदस्यता दिनेछ ।

(क) ज्ञानका सम्पूर्ण पक्ष (भाषा, साहित्य, धर्म, कला, संस्कृति, ज्योतिष ,दर्शन, जात्रा, पर्व इतिहास, भूगोल, कानून, विज्ञान- प्रविधि, स्वास्थ्य, खेलकुद,राजनीति, वातावरण) जस्ता वाङ्मयका सम्पूर्ण क्षेत्रहरुलाई समेट्ने ज्ञान सामग्री खरीद वा प्राप्त गरी पुस्तकालय संचालन हुनेछ ।

(ख) बिद्युतीय पुस्तकालय (e - library) संचालन गर्न सकिनेछ ।

(ग) पठन संस्कृतिको विकास गर्न युवा तथा बालबालिकालाई रुची अनुसारका सामग्री उपलब्ध गराइनेछ ।

(घ) बोध तथा अभिव्यक्तिको मूल्यांकनका आधारमा प्रोत्साहनको विशेष व्यवस्था गर्न सकिनेछ।

(ङ) जीवन र जगतसँग ज्ञान-विज्ञान र अध्ययनको तादात्म्य हुने वा अन्तरसम्बन्ध विकास गर्न सक्ने किसिमका अन्तरक्रिया, सेमिनार, गोष्ठी र अनुसन्धान कार्य गराइने छ ।

३) e-library प्रयोगका लागि नगरपालिकाले तोके बमोजिमको शुल्क तिरी सदस्यता लिन सकिनेछ ।

३) विद्यार्थीहरुका लागि नगरपालिकाले तोकिएको शुल्कको आधा शुल्कमा सदस्यता प्रदान गरिनेछ ।

४) संस्थागत सदस्य लिने संस्थाले तोकेका पाँच जनालाई पुस्तकालय प्रयोगको सुबिधा उपलब्ध हुनेछ र सदस्यता लिने संस्थाले आवश्यकता अनुसार प्रयोगकर्ता परिवर्तन गर्न सक्नेछ । तर त्यसको जानकारी पुस्तकालय संचालकलाई दिनु पर्ने छ ।

५) कुनै सदस्यको सदस्यता अवधि समाप्त नहुँदै मृत्यु भएमा वा बसाइँ सरी गएमा निजको हकवाला वा निजले इच्छाएको ब्यक्तिका नाममा सदस्यता नामसारी हुन सक्ने **छ ।**

**१८. पाठक सदस्यताको समाप्ती** : देहायको अवस्थामा कुनै पनि व्यक्ति वा संस्थाको पाठक सदस्यता कायम रहने छैन ।

क) सदस्यबाट हट्न चाहेमा,

ख) पुस्तकालयको हित उल्लंघन गरेमा,

ग) पुस्तकालयको सम्पत्ति हिनामिना गरेमा

घ) पुस्तक वा पुस्तकालयका सामग्री दुरुपयोग वा नष्ट गरेमा वा हराएमा वा मासेमा,

ङ) आचारसंहिता पटक पटक उल्लंघन गरेमा,

च) तोकिएको समयमा नवीकरण नगरेमा ।

**१९. कार्डको व्यवस्था** : १) हरेक पाठक सदस्यलाई प्रतिष्ठानले निर्माण र प्रमाणित गरेको पुस्तकालय कार्ड उपलब्ध गराइनेछ ।

२) पुस्तकालय कार्डमा देहायको बिवरण हुनेछ ।

क) सदस्यको नाम थर, ठेगाना

ख) योग्यता

ग) सदस्यताको प्रकार

घ)पुस्तकालय प्रयोग : पुस्तक/श्रब्य दृश्य सामग्री/बिद्युतीय पुस्तकालय वा सबै

ङ) सदस्यको पासपोर्ट साइजको फोटो

च) संस्थागत भए पुस्तकालय प्रयोगकर्ताको फोटो ।

छ) अध्यक्ष वा निजले अधिकार प्रत्यायोजन गरेको ब्यक्तिले प्रमाणित गरेको ।

**२०. कार्डको प्रतिलिपि सम्बन्धी व्यवस्था** : पुस्तकालय प्रयोगकर्ता सदस्यहरुले कार्ड हराएमा वा नष्ट भएमा प्रतिष्ठानले तोके अनुसारको शुल्क तिरेर कार्डको प्रतिलिपि प्राप्त गर्न सक्ने छन् ।

**२१. पुस्तक अध्ययन सम्बन्धी व्यवस्था** : १) पुस्तकहरु पुस्तकालयको अध्ययन कक्षमा अध्ययन गर्नुपर्नेछ ।

२) कुनै पुस्तक १५ दिन सम्मका लागि घर लगेर अध्ययन गर्न पाइनेछ र यसरी लाँदा पुस्तकको महत्व हेरी एकपटकमा २ वटा सम्म दिन सकिनेछ र पुस्तक पढ्ने अवधि दुई पटक सम्म थप गर्न सक्नेछ तर

विशेष अवस्थामा दुई वटा भन्दा वढी पुस्तक लैजानु पर्ने भएमा तोकिएको धरौटी राखी पुस्तकालयको अनुमतिमा लैजान वाधा पर्ने छैन ।

३) पुन:प्रकाशन हुने सम्भावना नभएका, विशेष किसिमका र कम संख्यामा भएका पुस्तक पुस्तकालय भन्दा वाहिर लान पाईने छैन ।

४) अघिल्लो पटक लगेको पुस्तक फिर्ता नगरी पुन:अर्को लैजान पाउने छैन ।

५) बिद्युतीय पुस्तकालयका कुनै सामग्री लापर्वाही गरी बिगारेमा सो सामग्रीको मूल्यको दोब्बर रकम तिर्नु पर्नेछ

६) ऐन नियमको अधिनमा रही प्रतिष्ठानले आवश्यकतानुसार पुस्तकालय सम्बन्धी कार्यविधि, निर्देशका र मापदण्ड बनाई नगर कार्यपालिकामा स्वीकृत गराई लागू गर्न सक्नेछ ।

**२२. नि:शुल्क सेवा** : कुनै स्वदेशी वा विदेशी अनुसन्धानकर्ताले आफ्नो परियोजना

संचालनका क्रममा निश्चित अवधिका लागि पुस्तकालय प्रयोगको अनुमति माग गर्न आएमा अध्यक्षले नि:शुल्क प्रयोगको अनुमति दिन सक्नेछ र यसरी नि:शुल्क प्रयोग अनुमति प्राप्त व्यक्तिले अन्य व्यक्तिगत प्रयोग गर्ने सदस्यले सरह तोकिएका शर्तहरुको पालना गर्नु पर्नेछ ।

## परिच्छेद-९

## पुस्तकालयका पाठक सदस्यको आचारसंहिता

**२३. पुस्तकालयका पाठकले पालना गर्नुपर्ने आचारसंहिता** : १) पुस्तक,बिद्युतीय पुस्तकालय र श्रब्यदृश्य सामग्री प्रयोग गरी अध्ययन गर्ने ।

२) अध्ययन कक्ष र बिद्युतीय पुस्तकालय तोकिएको समयभित्र मात्र प्रयोग गर्न पाईनेछ ।

३) पुस्तकालयमा अनावश्यक वादविवाद गर्न पाईने छैन ।

४) पुस्तकालयभित्र धुम्रपान गर्न पाईने छैन साथै कुनै पनि खाद्य सामग्री लान पाईने छैन ।

५) मादक पदार्थ सेवन गरी पुस्तकालय भित्र प्रवेश गर्न पाईने छैन ।

६) पाठक सदस्यले पुस्तकालयको सरसफाई र सामग्रीको सुरक्षामा समेत ध्यान दिनु पर्नेछ ।

७) प्रतिष्ठानले आवश्यकता अनुसार निर्धारण गरेका अन्य आचारसंहिताको पूर्ण पालना गर्नुपर्नेछ ।

**२४. नवीकरण सम्बन्धी व्यवस्था** : १) हरेक आर्थिक वर्षमा सदस्यता कार्ड नवीकरण गर्नु पर्नेछ

२) काबु बाहिरको परिस्थिति परी समयमा नवीकरण गर्न नसकेको कारण खुलाई निवेदन दिएमा बिना जरिवाना नवीकरण हुनेछ तर यस्तो समय ६ महिनाभन्दा वढी हुने छैन ।

३) ६ महिनाभन्दा वढी समयसम्म नवीकरण नगरेमा नवीकरण शुल्कको २५ प्रतिशत विलम्ब शुल्क लाग्नेछ तर १ वर्षसम्म पनि नवीकरण नगरेमा सदस्यता स्वत: खारेज हुनेछ ।

## परिच्छेद-१०

## कृति लेखन र पुरस्कार

**२५. पुरस्कार सम्बन्धी व्यवस्था** : १) भद्रपुर नगरपालिकाको निर्देशनमा प्रतिष्ठानले निर्णय गरी समुचित लेखनवृत्ति दिएर कृति लेखन कार्य गराउन सक्नेछ ।

२)यस्तो कार्यबाट प्रेरित स्रष्टा, संस्था वा कृतिलाई पुरस्कृत गर्न सकिनेछ ।

३) पुरस्कार सम्बन्धी व्यवस्था प्रतिष्ठानको सिफारिसमा नगरपालिकाले तोकेबमोजिम नाम र रकम हुनेछ ।

४) पुरस्कृत हुने व्यक्ति, संस्था वा कृतिलाई नगरपालिकाले तोकेको मितिमा घोषणा र पुरस्कृत गरिनेछ ।

५) कुनै बिधामा पुरस्कार स्थगित गर्ने वा बिधा परिवर्तन गरी पुरस्कृत गर्नु पर्ने भएमा उचित कारण सहित प्रतिष्ठान र नगरपालिकाले निर्णय गर्नेछ ।।

६) छनौटको मापदण्ड प्रतिष्ठानले निर्धारण गरे बमोजिम हुने छ ।

७) उपदफा (३) बमोजिमका पुरस्कारहरुको रकममा प्रचलित कानून बमोजिम लाग्ने करकट्टा गरी प्रदान गरिने छ ।

## परिच्छेद-११
## छनोट समिति सम्बन्धी व्यवस्था

**२६. छनोट समिति** : १) प्रतिभा वा कृति लेखनका विभिन्न विधामा पुरस्कार वितरणका लागि तोकिएको क्षेत्र तथा मापदण्ड भित्रका स्रष्टा,संस्था तथा कृति छनोटका लागि देहाय बमोजिमको समिति गठन गरिने छ :

(क) प्रतिष्ठानका अध्यक्ष - संयोजक

(ख) नगरप्रमुखले तोकेका वडाध्यक्षमध्येबाट २ जना - सदस्य

(ग) नगर उपप्रमुख -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ङ) प्रतिष्ठानले तोकेको **सम्बन्धित क्षेत्रको** सचिव - सदस्य सचिव

२) संयोजकले आवश्यकतानुसार छनोट समितिको वैठकमा सम्बन्धित क्षेत्रका विज्ञलाई आमन्त्रित गर्नसक्नेछ ।

**२७ .कोष परिचालन** : १) भद्रपुर नगरपालिका कला, साहित्य तथा संगीत प्रतिष्ठानको छुट्टै कोष हुनेछ । कोषको रकम नगरपालिकाले सिफारिस गरी तोकिएको बैकमा खाता खोली संचालन हुनेछ ।

२) कोषको परिचालन देहाय वमोजिम गरिने छ ।

(क) संस्थाको दैनिक कार्य संचालन,

(ख) सम्मान र पुरस्कार,

(ग) पुस्तकालय विकास र संचालन,

(घ) संस्थाका अन्य आवश्यक गतिविधि र कार्यक्रम,

२) **प्रतिष्ठानको सिफारिसमा** नगरपालिकाबाट कार्यक्रम अनुसार कोष परिचालन गरिने छ ।

३) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन नगरपालिकामा पेस गर्नु पर्नेछ ।

४) कोषको लेखा प्रचलित कानून वमोजिम राख्नु पर्नेछ ।

**२८. बैक खाता संचालनको ब्यवस्था** अध्यक्ष, तोकिएको सदस्य सचिव र कोषाध्यक्षमध्ये कोषाध्यक्ष अनिवार्य रहने गरी दुईजनाको संयुक्त हस्ताक्षरबाट खाता संचालन हुनेछ । कोषको खातामा देहायका रकम जम्मा हुनेछन् ।

क)नगरपालिकाले बिनियोजन गरेको रकम,

ख)दान दातब्यबाट प्राप्त रकम

ग) पाठक शुल्कको रकम,

घ)कुनैपनि ब्यक्ति वा संस्थाले उपलब्ध गराएको रकम

**२९. पदाधिकारी र कर्मचारीको व्यवस्था** : १) प्रतिष्ठानको अध्यक्ष नै कार्यकारी प्रमुख हुनेछ र कार्यकारी प्रमुख र पदाधिकारीहरुको आवश्यकता अनुसार पारिश्रमिक तथा सेवा सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२) प्रतिष्ठान संचालनका लागि आवश्यक कर्मचारीको व्यवस्था नगरपालिकाले गर्नेछ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## परिच्छेद-२१
## विविध

**३०. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था** :(१) यस प्रतिष्ठानको कुनै पदाधिकारीले आफ्नो अधिकार अर्को पदाधिकारी वा सदस्यलाई पूर्ण, आंशिक रुपमा प्रत्यायोजन गर्न सक्ने छ ।

(२) भद्रपुर क्षेत्रमा जात्रा, पर्व,महोत्सव, प्रतियोगिता, प्रतिष्पर्धा, नाचगान, वक्तव्य, प्रवचन गराई जनतालाई जागरुक तथा सचेतना र विभिन्न लोपोन्मुख कलाको संरक्षण गर्ने कार्य गर्दा भद्रपुर नगरपालिकाको स्वीकृति लिई कानून बमोजिम प्रतिष्ठान बाहेक अन्य संघसंस्थालाई दिन बाधा पर्नेछैन ।

**३१ प्रतिष्ठान र पुस्तकालयको छाप तथा चिन्ह** : प्रतिष्ठान र पुस्तकालयको **छुट्टै छाप र चिन्ह** अनुसूची-३ अनुसार हुनेछ

**३२. विघटन** : यो ऐनको प्रचलित कानून बमोजिम गठन भएको भद्रपुर नगरपालिकाको कला, साहित्य तथा संगित प्रतिष्ठानलाई भद्रपुर नगरकार्यपालिकाको बैठकले निणर्य गरी जुनसुकै बखत विघटन गर्न सक्नेछ ।

**३३. व्याख्या गर्ने अधिकार** : यो कार्यविधिको व्याख्या गर्ने अधिकार भद्रपुर नगर कार्यपालिकाको हुनेछ ।

**३४. शपथ सम्बन्धी व्यवस्था** : १) आफ्नो पदभार ग्रहण गर्नु अघि प्रतिष्ठानको अध्यक्षले नगर प्रमुख समक्ष र सदस्यहरूले अध्यक्ष समक्ष **अनुसूची-१** बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ ।

**३५. खारेजी र बचाउ** : १) भद्रपुर कला, साहित्य **तथा संगीत** प्रतिष्ठानले कुनै प्रकारका प्रतियोगिता, प्रर्दशनी,मेला वा बैठक गराई बाह्य वा आन्तरिक कारणले दैवी वा अन्य घटनामा परी कोही कसैलाई चोटपटक, अङ्गभङ्ग वा मृत्यु भएमा प्रतिष्ठान तथा नगरपालिका जिम्मेवार हुनेछैन ।

२) यो ऐनलाई खारेज गर्ने, संसोधन वा थपघट गर्ने र व्याख्या गर्ने अधिकार भद्रपुर नगरकार्यपालिकाको हुनेछ । यो ऐन प्रारम्भ हुनु अघि भए गरेको कार्य र गठन भएको प्रतिष्ठान यसै ऐन बमोजिम भए गरेको मानिने छ ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
भद्रपुर झापा
कोशी प्रदेश, नेपाल

## अनुसूची १
### दफा ३४ को उपदफा (१) सँग सम्बधित

**शपथ**

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि "भद्रपुर नगरपालिकाको कला, साहित्य तथा संगित प्रतिष्ठान संचालन ऐन, २०८० बमोजिम..................... पदमा म श्री .......................................लाई दिएको जिम्मेवारी इमान्दारी पूर्वक पूरा गर्नेछु । भाषा, साहित्य, कला, संस्कृति, ज्ञान, विज्ञान तथा प्रविधिको सृजना, संरक्षण, सम्बर्द्धन, संकलन र श्रीवृद्धिका लागि तन, मन र वचनले दत्तचित्त भई कुनै भेदभाव, लोभलालच तथा मोलाहिजा नगरी कसैको प्रभावमा नपरी आफ्नो क्षेत्रमा नगर र नगरबासीको सेवाका लागि आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु ।

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

नाम थर :
पद :
दस्तखत :
मिति :

भद्रपुर नगर कार्यपालिकाको कार्यालय भद्रपुर झापा कोशी प्रदेश नेपाल

**अनुसूची-२**

दफा १४ को उपदफा १ सँग सम्बन्धित
बौद्धिक बैकमा जम्मा गर्ने सम्बन्धी आवेदनको ढाँचा

श्रीमान् अध्यक्षज्यू
भद्रपुर कला, साहित्य तथा संगीत प्रतिष्ठानको कार्यालय भद्रपुर ,झापा
कोशी प्रदेश

**विषयः बौद्धिक बैंकमा जम्मा गरिदिनु हुन ।**

महोदय,
उपयुक्त सम्बन्धमा मैले/हामीले तपसिलको विषयमा नवीन खोज अनुसन्धान गरी सोको नतिजालाई बौद्धिक सम्पत्तिको रुपमा जम्मा गर्न आएको छु/छौ । मेरो/हाम्रो सो निजी अनुसन्धानलाई वौद्धिक वैंकमा जम्मा गरि दिनु हुन अनुरोध छ । अध्ययन अनुसन्धानको नतिजा र सो सम्बन्धी बिवरण झुटा ठहरे कानून बमोजिम सहन/बुझाउन मन्जुर गर्दछु/गर्दछौं ।

**तपसील**

१.विषयः
२.शीर्षक :
३.शोधपत्रको सामान्य विवरणः
४.शोधको हार्ड कपी र सफ्ट कपी दुवै तीन तीन प्रति
५. भौतिक वस्तु भए सो को विवरण सहित एक थान भौतिक वस्तु
६. अन्य

निवेदक
नामथर :
दस्तखत :
ठेगाना :
बाबुको नामः
बाजे/पतिको नाम :
उत्पत्ति सम्बन्धी अन्य बिवरण भए उल्लेख गर्नेः
मिति :

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## अनुसूची-३

दफा १४ को उपदफा ३ सँग सम्बन्धित
वौद्धिक बैंकमा सम्पत्ति जम्मा गरेको प्रमाण-पत्रको ढाँचा

### वौद्धिक सम्पत्ति जम्मा गरेको प्रमाण-पत्र

मिति :......................

..................................को नाति/नातिनी....................... को छोरा/छोरी ............................श्रीमान/श्रीमती...........................प्रदेश...........जिल्ला.................... नगर/गाँउपालिका ...................... वडा नं...........निवासी वर्ष............का श्री ............................................... नागरिकता प्रमाण पत्र नं.........जिल्ला.............वडा नं........... ले भद्रपुर नगरपालिकाको बौद्धिक बैंक मा तपसील बमोजिमको बौद्धिक सम्पत्ति जम्मा गर्नु भएकाले दाखिला प्रमाण-पत्र प्रदान गरिएको छ।

**तपसील**

विषय:

शीर्षक:

खोज अनुसन्धानको सामान्य विवरण :

दाखिला मिति :

............................... ...........................

नाम : नाम :

सचिब/अध्यक्ष

गणेश पोखरेल
नगर प्रमुख
भद्रपुर नगरपालिका

## अनुसूची-४
## दफा ३१ सँग सम्बन्धित

### प्रतिष्ठानको लोगो र छाप

प्रतिष्ठानको आफ्नै लोगो हुने छ । सो लोगो प्रतिष्ठानले निर्णय गरे बमोजिम हुने छ । प्रतिष्ठानको छापमा भद्रपुर कला सहित्य तथा संगीत प्रतिष्ठान, स्थापित मिति लेखिएको लोगो सहितको एक छाप हुने छ भने त्यसै आधारमा प्रतिष्ठानले लेटर प्याड पनि बनाउने छ ।
लेटर प्याडमा लोगो र प्रतिष्ठानको नाम र प्रतिष्ठानका पदाधिकारी, सदस्यहरु, आमन्त्रित सदस्यहरु र सल्लाहकारहरुको नाम हुने छ । लेटर प्याडको सिरानमा अलि सानो आकारको फन्टमा भद्रपुर नगरपालिका अन्तर्गत लेखिएको हुने छ ।

आज्ञाले
सुनिल निरौला
प्रमुख प्रशासकीय अधिकृत